# दिगो जीवनपद्धतिका लागि कृषिको रूपान्तरण[1]

✍ कृष्ण पौडेल र सुजाता तामाङ्ग[2]

## पृष्ठभुमि

विश्वको जनसंख्या ६ अर्बबाट बढेर सन् २०३० सम्ममा दोब्बर(१२ अर्ब) हुने भविष्यवाणी जनसंख्याविद्हरूले गरेको दश वर्ष भइसकेको छ। यसको अर्थ नेपालको जनसंख्याले पनि त्यतिन्जेल पाँच करोडको अंक नाघ्नेछ। दोव्बर जनसंख्यालाई खुवाउन यसबीच नेपालले खाद्यान्न उत्पादन पनि कम्तीमा दोब्बर गर्नँपर्नेछ। अहिले नै तीन करोड जनतालाई खुवाउन आफ्नो उत्पादनले नपुगेर दुई दशकदेखि खाद्यान्न आयात गर्नँ परिरहेको छ। के त्यतिन्जेल पाँच-छ करोड जनतालाई खान पुग्ने अन्न उत्पादन गर्न हामी सफल होऔंला ? यसको निम्ति हामीले कस्ता योजना बनाएका छौं ? के दश वर्ष अघि र अहिलेको अवस्थामा सुधार देखिएको छ ?

हाम्रो अवस्था उपर्यक्त भविष्यवाणीका बेलामा भन्दा पनि विग्रिएको छ। तथ्यांकहरूले नेपालमा खाद्यान्न उत्पादन घटेको र जनसंख्या अचाक्ली बढेको देखाउँछन्। जल, जमिन र जंगलको अवस्था पनि गिरिरहेछ। जैविक स्रोतहरू पनि बिग्रँदै गइरहेछन्। दिनदिनै अकासिइरहेको मूल्य बृद्धि, आर्थिक मन्दी, अस्थिर बजारभाउ, तीव्र गतिमा भइरहेको जलवायु परिवर्तनले खाद्य असुरक्षालाई अकल्पनीय रूपमा बढाइरहेछन्। यस्तो अवस्थामा बढेको जनसंख्यालाई हामीले कसरी भोजन गराउन सकौंला ? उपायहरू के हुन सक्छन् ? यो कुरा कतै असम्भव नै भएकाले अनिकालले त्यतिन्जेलमा हामीलाई नै खान थाल्ने त होइन ?

नेपाली राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो- खेतीपाती। गाउँले समुदायको जीविकाको मुख्य आधार पनि यही नै हो। तर इतिहासमै गाउँमा खाद्य र कृषि कमजोर अवस्थामा पुगेको छ। खेतीपातीप्रति राज्य र नागरिक दुबै उदासीन छन्। केही वर्ष अघिसम्म खाद्यान्न निर्यात गर्ने नेपाली किसान अहिले खाद्यान्न आयात गर्न बाध्य भएका छन। राज्यले भने बजारमुखी औद्योगिक अर्थतन्त्रमा आधारित आधुनिक कृषि प्रणालीलाई व्यापकता दियो। व्यापारमुखी दीर्घकालीन कृषि योजना अघि सा¥यो। तर त्यसका लागि आवश्यक लगानी र पूर्वाधार निर्माण गर्न सकेन।

नेपाल सरकारले एसियाली विकास बैंक र नेपालमा कार्यरत सबैजसो दाताहरूको सहयोगमा २० वर्षे कृषि विकास रणनीति बनाउने काम गरिरहेको छ। यो रणनीति बनाउने कार्यदलले विगतका कृषि नीतिको समीक्षा गरी अघिल्लो २० वर्षे दीर्घकालीन कृषि योजनाको असफलतालाई नीतिगत प्रतिबद्धता र कार्यान्वयन क्षमतामा कमजोर भएको निक्यौंल प्रस्तुत गरेको छ। अहिले बन्दै गरेको कृषि विकास रणनीतिको मस्यौदामा प्रतिस्पर्धात्मक, दिगो र समावेशी कृषि क्षेत्रले आर्थिक विकास, जीवनस्तरमा सुधार र खाद्य तथा पौष्टिक सुरक्षा बढाउने परिकल्पना गरिएको छ। यो कृषि विकास रणनीति सीमान्त उत्पादकत्वको सिद्धान्तमा आधारित कुल संसाधन उत्पादकत्व (Total Factor Productivity-TFP) को प्राविधिक ढाँचामा प्रस्तुत गरिएको छ। आगामी चैत्र मसान्त २०६९ सम्ममा तयार पार्ने प्रस्ताव गरिएको यो रणनीतिको नीतिगत विकल्पहरू तयार गर्ने काम भइरहेको छ। जब कि कृषि अहिले पनि मुलुकको प्रमुख क्षेत्र रहिरहेकै छ।

देशको कुल भूमिको २१ प्रतिशत क्षेत्र कृषिले नै ओगटेको छ। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३२.८२ प्रतिशत छ। कुल जनसंख्याको ८० प्रतिशत भाग कृषिमा संलग्न भए पनि देशको सक्षम श्रमशक्तिको ६५.६ प्रतिशत यो क्षेत्रमै निर्भर छ। जब कि कृषिमा सरकारी लगानी ३ प्रतिशत मात्र रहेको तथ्यांकले देखाउँछ।

---

*१ यो लेख फरेष्टएक्सन नेपालबाट प्रकाशित पुस्तिका "दिगो जीवनपद्धतिका लागि कृषिको रूपान्तरण"मा आधारित छ।*
*२ लेखकहरू खाद्य तथा दिगो खेतीपाती अभियान, फरेष्टएक्सन नेपालमा संलग्न हुनुहुन्छ।*

## विदेशवाट व्यापक आयात

विदेशबाट नेपालमा आयात भइरहेका सामग्री र त्यसको तथ्यांक हेर्ने हो भने जो कोही छक्क पर्नु अस्वाभाविक होइन । अन्नका त कुरा छाडौं मासु, माछा, फलफूल, तरकारीमै हाम्रो परनिर्भरता अचम्मलाग्दो देखिन्छ । पेट्रोलियम पदार्थ, लत्ताकपडा र निर्माण सामग्रीपछि कृषिप्रधान देश नेपालमा मासु र माछा आयात गर्न सबैभन्दा धेरै रुपैयाँ बाहिरिइरहेछ । यी कुरालाई केलाउने हो भने गएका वर्षमा हामीले कृषि विकासका नाममा के गरेछौं छर्लंग हुन्छ ।

**तालिका १: आयातको तथ्यांक जनवरी २०१२ देखि अक्टोबर २०१२ सम्मको**

| वस्तु | मात्रा (के.जी) | रुपैंया (करोडमा) |
|---|---|---|
| फलफूल | २२१,४०७,७१० | ५ अर्ब ७९ करोड |
| तरकारी र गानो तथा जरे बाली | ४३७,८८४,५२९ | ९ अर्ब ४१ करोड |
| खाद्यान्न | ७९७,४७१,९६९ | १९ अर्ब ८ करोड |
| चिया, कफी तथा मसलाजन्य उत्पादन | ४७,२८३,०६९ | ४ अर्ब ९३ करोड |
| पशुपक्षीको मासु तथा पशुपंक्षीजन्य मासु उत्पादन मात्र | ४१३,४०७ | ७ करोड ९३ लाख |
| माछा तथा माछाजन्य उत्पादन | ८,८६५,१४४ | ५८ करोड २ लाख |

स्रोतः Trade and Export Promotion centre, 2012

नेपाल जस्तो पहाडी भू-बनावट भएको मुलुकमा औद्योगिक कृषि विकास गर्ने चिन्तन आफैमा उचित थिएन । कृषिविद् तथा यसका विद्वान्हरू र राजनीतिज्ञहरूले धेरै उत्पादन केन्द्रित प्रविधिमा आर्थिक लगानी गर्ने नीति बनाए । त्यसैलाई कार्यान्यन पनि गरे । उनीहरूले जहिल्यै साधन स्रोतबाट वञ्चित लाखौंलाख निमुखा किसानहरूलाई कृषि विकासका बाधकका रूपमा चित्रण गरे । राम्रो कृषि उत्पादन लिनका लागि यस पेसामा संलग्न ठूलो जनसंख्या घटाउनुपर्ने कुरामा उनीहरूको अटल विश्वास देखियो । जब कि विकसित मुलुकहरूमा किसानलाई गैह्रकृषि (खेतीपातीबाहेक) क्षेत्रमा लैजाने योजना कृषिसँग सम्बन्धित उद्योग-धन्दाकासाथै अरू क्षेत्रहरूको समानुपातिक विकासमा आधारित थियो । तर, हाम्रोमा विदेश पढेर आएका विद्वान्हरूले देशको विशिष्ट अवस्थाको ख्यालसम्म नगरी अर्काको देशनिम्ति बनाइएका योजना नक्कल गर्ने काम गरे । कुनै पूर्वाधार विकास र योजनाविना अर्काको नक्कल गरेर किसानहरूको संख्या घटाउने सोचाइले समाधान ननिकाल्ने त निश्चित नै थियो, त्यसले झन् कल्पनै नगरिएको खाद्यान्न संकट मुलुकमा निम्त्यायो ।

कृषि ज्ञान, प्रविधि अन्वेषण, सेवा प्रवाहको संस्थागत कार्यप्रणाली तथा सबै क्षेत्रलाई पुनर्जीवित गर्न सकिने भू-स्रोतको दिगो प्रयोग, उपयुक्त प्रविधिहरूको अनुकूलन तथा किसान समुदायको परिचालनसम्बन्धी ज्ञान आदान-प्रदानमा कृषि उत्पादन तथा उत्पादकत्व निर्भर हुन्छ । यसका लागि उपयुक्त नीति र दृढ सेवा आवश्यक पर्छ तर कृषि अनुसन्धान, कृषि प्रसार, कृषि उत्पादन उपभोगका साथै खेतीपाती गर्ने जनसंख्या तथा सेवाप्रदायक र अनुसन्धानकर्ताहरू बीच संयोजन टुटेको छ । त्यसैगरी संगठित सञ्जालको अभाव तथा नयाँ प्रविधिहरूको खोजी र त्यसमा किसानहरूको पहुँचमा यहाँ ठूलो समस्या छ । नीति-निर्माता र किसानहरूबीच रहेर काम गर्ने संयोजनकारी भूमिका निर्वाह गर्ने काम भएको देखिँदैन ।

## आधुनिक खेतीका विकृति

आधुनिक खेतीपातीका विकृति अहिले आएर क्रमैसँग देखापरिरहेछन् । हरित क्रान्तिमा आधारित कृषि विकासनिम्ति भनेर रासायनिक मल, किटनाशक विषादी, नपुंशक बिउको प्रयोग व्यापकरूपमा बढ्दै जाँदा पर्यावरणीय तथा मानवीय स्वास्थ्यमा प्रतिकूल असर परेको छ । रासायनिक मलको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति क्षीण हुँदै गएको छ । बदलिँदो मौसम तथा जलवायुमा आएको परिवर्तनले कृषि उत्पादनमा व्यापक ह्रास ल्याएको छ । कृषिलाई बाह्य स्रोतमा आधारित बनाउँदै लैजाँदा कृषि र वन बीचको प्राकृतिक अन्तरसम्बन्धमा व्यापक ह्रास आएको छ । यसले गर्दा

दिगो खेतीपाती तथा वन स्रोत व्यवस्थापन दुबै सकंटग्रस्त हुँदै छन् ।

खेतीपाती अहिले धेरै नै उपेक्षित पेसा बनेको छ । त्यसैले युवाहरू खेती गर्न मन पराउँदैनन् । उनीहरू खेतीपातीलाई बढी मेहनत गर्नुपर्ने तर कम नाफा हुने पेसा हो भन्ने दोषारोपण गर्छन् । स्वदेशमा औद्योगिकीकरण नभएकाले उनीहरू ठूलो अपेक्षा लिएर विदेश वा वैदेशिक रोजगारी खोज्दै बाहिरको रोजगारी बजारमा जान तँछाड-मछाड गरिरहेछन् । यसरी विदेशिने युवाशक्तिको अभावमा नेपाली कृषि कामको नारीकरण हुँदै छ ।

तराई होस् वा पहाड अथवा हिमाल, नेपालमा खेतबारीमा काम गर्ने मानवीय स्रोतको अभाव अत्यधिक बढेको छ । यसले देशको आर्थिक मेरुदण्ड मानिने कृषि नराम्ररी प्रभावित भएको छ । काम गर्ने उमेर समूहका युवा देशमा छैनन् । शिक्षाप्रति आमजनतामा बढ्दो जागरण र चासोले प्रायः सबै घरका केटाकेटी स्कुल जान्छन् । १५ देखि ४५ वर्ष उमेर समूहका अधिक पुरुष र केही महिलाले घर छोडेर रोजगारीको खोजीमा सहरी क्षेत्र तथा विदेशी भूमिमा पलायन गरेको सत्य अब रहस्य रहेन । यसले गर्दा खेतीपाती र घर-व्यवहारका सम्पूर्ण काम महिलाको थाप्लोमा गएको छ ।

## निर्वाहमुखी कृषि

बद्लिँदो सामाजिक-आर्थिक परिस्थितिमा परम्परागत निर्बाहमुखी कृषि अर्थतन्त्रले अब घरबार चलाउने स्थिति रहेन । सामान्य किसान भन्छन्, कृषि पेसा हाम्रा निम्ति सहयोगी छैन । घरयासी खर्च धान्न पनि अब खेतीको आम्दानीले पुग्दैन् । यो अवस्थाले आमकृषकलाई खेतीपातीबाट बाहिर धकेलिरहेको छ ।

परिवर्तित अवस्थामा कृषिमा आधारित जीविकोपार्जन दिगो नभएपछि आफ्नै अनुभवबाट किसानहरू आफै आफ्नो परिवारका सदस्यहरूलाई गाउँ छोड्न प्रोत्साहित गरिरहेका छन् । घर-परिवार चलाउन न्यूनतम जुन नगद आवश्यक पर्छ त्यो कमाउने स्रोत पनि उनीहरूसँग छैन । त्यसैले अहिले धेरै गाउँहरूमा त्यस्ता बृद्ध, अपांग र अशक्तहरू मात्र बाँकी छन् जोसँग साधन-स्रोत छैन । सक्नेहरू प्रायः बाटो लागिसके । अर्कोतर्फ जो आफ्नो खेतीपाती गरेर टिकिरहेछन् उनीहरू पनि खेतीमा प्रयोग हुने मल, बिउ, विषादी तथा कृषि सामग्री महँगो भएका कारण गाउँ छोड्न खुट्टो उचालेर बसेका छन् । यसले गर्दा अहिले खेतीयोग्य जमिन बाँझो राख्ने चलन बढेको छ । अर्कोतिर सुखी जीवनको आशाले सहर-बजार जानेहरू आयातित खाद्यान्नमा निर्भर भएकाले महँगीको मारमा पिल्सिन पुगेका छन् । गाउँ-सहर दुवैतिर खाद्यान्न आयातमा आधारित जीवनपद्धति मौलाइरहेछ । यसले गर्दा प्रत्येक परिवारको आम्दानीको ठूलो हिस्सा दैनिक गुजारा निम्ति खर्च भइरहेछ । वचत गर्ने त कुरै छाडौं साँवा खर्च गरेर पनि जीवन गुजारा गर्न गाह्रो परिरहेछ । नगद आम्दानीका लागि अन्य पेसा अपनाउनुपर्ने खाँचो सबैभन्दा बढी किसानमाथि नै आइपरेको छ । फलस्वरूप, भविष्यका सफल किसान गैह्र कृषि क्षेत्रमा पलायन भइरहेछन् ।

हामीसँग भरपर्दो र विश्वसनीय तथ्याङ्क त उपलब्ध छैन तर पनि नेपालमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व लगातार घटिरहेको बताउन यो काफी छ । कृषि उत्पादकत्व यसरी घट्नुका मुख्य कारण हुन्- जमीनको स्वामित्व, अनुपयुक्त कृषि विकासको ढाँचा, उत्पादन सामग्री तथा सेवाको कमी, अनुपयुक्त उत्पादन प्रविधि ।

**खाद्यान्न अभाव**




स्रोतः कृषि तथा सहकारी मन्त्रालय, २०१०

जीविकोपार्जनका अन्य कुनै उपाय नभएका अधिक गरिब किसानहरू कुनै फाइदा नभए पनि खेतीपातीमै लाग्न बाध्य छन् । धेरैजसो गरिब किसानसँग जीवन निर्वाह गर्न आवश्यक पर्याप्त जमीनको अभाव छ जवकि खेतीपाती गर्दै नगर्ने समूहको नियन्त्रणमा खेतीयोग्य जमीनको फाँट नै छ । साथै जमीन किनबेच गरेर धेरै

नाफा कमाउने संगठित दलालहरूको नियन्त्रणमा पनि अहिले अत्यधिक जमीन पुगेको छ । त्यसैले जमीन बाँझो राख्ने चलन व्यापक रूपमा बढ्दै गइरहेछ । विशेषगरी सहर-बजार नजिक रहेको जमीनको मूल्य अचाक्ली नै बढ्दै गएकाले गरिबलाई खेतीयोग्य जमीन किन्न वा भाडामा लिन पनि साह्रै गाह्रो हुनगएको छ । मुलुकमा कृषियोग्य जमीनमा खेती गर्नैपर्ने बाध्यकारी नियम-कानुन अझै बनेको छैन ।

**तालिका २: भूस्वामित्वको आकारको आधारमा परिवार समूहको स्तर वर्गीकरण**

| परिवार समूहको स्तर | जम्मा परिवार संख्या | भू-स्वामित्वको आकार (हेक्टरमा) |
|---|---|---|
| भूमिहीन तथा सीमान्त कृषक परिवार | ९,५७,१०० | ०–०.३ भन्दा कम |
| साना तथा मध्यम कृषक परिवार | १७,७९,५६० | ०.३–३.० भन्दा कम |
| ठूला कृषक परिवार | ९७,५०० | ३.०–१०.० भन्दा ज्यादा |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २००६

## खाद्य संस्कृति

स्थानीय खाद्य प्रणाली र खाद्य संस्कृतिबीच यहाँ कुनै साइनो छैन । बजार अर्थतन्त्रको प्रभावले देशभरि नै बाह्य खाद्य संस्कृतिसंगै खाद्यबाली पनि द्रूत गतिमा परिवर्तन भइरहेछ । केही हदसम्म, आर्थिक रूपले विपन्न किसानहरू खाद्यवस्तुका लागि आफ्नै उत्पादनमा भर पर्छन् तर यो उनीहरूको रोजाइभन्दा पनि बाध्यता हो । धेरै थरी खाद्यान्न बालीहरू देशमा उत्पादन गरिए जस्तो देखिए पनि हाम्रो मुख्य खाना भात नै हो । तराईमा गहुँ र पहाडमा मकै चामल पछि आउने मुख्य खाना हुन् ।

भातले हाम्रो खाद्य संस्कृतिलाई धेरै प्रभावित गरेको छ । उदाहरणका लागि कर्णालीमा पुग्ने 'उडुवा चामल' (हवाइजहाज वा हेलिकोप्टरमा उडेर पुग्छ) ले गर्दा आजभोलि भातबाहेक परम्परागत खाने वस्तुहरू खानाको रूपमा गनिँदैनन् । तिनलाई भात र अरू तयारी खाजा (खास गरेर चाउचाउ) ले विस्थापित गरेका छन् । भातबाहेक अरू खाना खानुपर्‍यो भने विपन्न भएको अनुभूति गर्ने तहमा आममानिसहरू नै ओर्लिएका छन् अथवा उनीहरूलाई ओरालिएको छ । वैदेशिक रोजगारी, नगद ज्याला तथा स्थानीय बजारमा नगदमा आफ्नो उत्पादन बिक्री हुन थालेकाले घरायसी अर्थतन्त्रमा नगदको प्रभाव अत्यधिक बढेको छ । परम्परागत चलन बिलाउदै गएका छन् ।

परम्परागत रैथाने खाना सुधार गर्न यहाँ खासै काम भएको छैन । भात र तयारी खाना खान पूरै समाज मरिहत्ते गर्नुको कारण पनि यही हो । सहर तथा सहर उन्मुख ठाउँहरूमा रैथाने खाना प्रशोधित रूपमा आएको भए मानिसहरू भाते संस्कृतितिर जाने थिएनन् भन्न सकिन्छ ।

भातबाहेक अन्य खाद्य वस्तुहरूको प्रयोग निकै कम भएकाले बजारमा बेच्ने उद्देश्यले किसानले फाइदाजनक एकलबाली प्रजाति लगाउन सुरु गरिरहेछन् । यो तरिका व्यवस्थापन गर्न सजिलो र सफल पनि देखिएको छ । किनभने किसानहरूले विविध उत्पादन, प्रशोधन र भण्डारणका लागि यस्तो खेती गर्दा धेरै चिन्ता गरिरहनु पर्दैन ।

## दिगो खेतीपाती

पृथ्वीमा जन्म लिएपछि खान पाउनु प्रत्येक प्राणीको अधिकार हुन्छ । यो मानिसको नैसर्गिक अधिकार पनि हो । त्यसैले मानव अधिकार हो । तर खाद्यान्नमा पहुँच नहुनु र अभाव, भोकमरी तथा कुपोषण नेपालभरि देखिने गरिबीका संकेत हुन्, जसलाई तुरुन्त सम्बोधन गर्नु आवश्यक छ । तर यो त्यति बेला मात्र सम्भव छ, जतिबेला हामी खाद्य तथा कृषि प्रणाली निर्माणमा ध्यान केन्द्रित गर्छौं । कृषि उत्पादकत्व बढाउन र भोकमरी टार्न नसकिरहेका, स्रोत र साधन कम भएका किसानको जीविकोपार्जन चलाउने, प्रकृतिको उत्पादक क्षमता दिगो बनाउने पारिस्थितिकीय चक्रको संरक्षण गर्दै बढ्दो जनसंख्याको खाद्यान्न मागलाई पूरा गर्न गुणस्तरीय खाद्य उत्पादन गर्ने मुद्दाहरूलाई तत्काल सम्बोधन गर्न जरुरी छ । यसै गरी, तत्कालीन कृषिका समस्यालाई सम्वोधन गर्न सक्ने, दिगो कृषिका सिद्धान्तहरूलाई पछ्याउँदै पारिस्थितिकीय व्यवस्थापनमा परम्परागत र वैज्ञानिक ज्ञानको प्रयोग गरेर समग्र उत्पादन व्यवस्थापन प्रणाली पुनर्स्थापना गर्नुपर्छ र गर्नैपर्ने आवश्यकता छ । त्यसका लागि द्रूत गतिमा परिवर्तन भइरहेका प्रविधि र अन्वेषणलाई उत्पादन

वृद्धिका योजनासँग जोड्न सक्नुपर्छ । बढ्दो स्रोत अभाव तथा कृषि क्षेत्रको आर्थिक तथा सामाजिक दायित्वको परिधिलाई फराकिलो बनाउँदै कृषि उत्पादन प्रणालीलाई जीवन्त बनाउनुपर्छ ।

प्रांगारिक, पर्यावरणीय र स्थानीय स्रोतहरूको उपयोगमा आधारित खेतीपातीबाट मात्र किसानको जीवनमा समृद्धि ल्याउन सकिन्छ । स्थानीय मौलिकतामा आधारित दिगो खेतीपातीका लागि सहकारिता, व्यवसायिकता र आत्मनिर्भरतालाई प्रवर्धन गर्ने कार्ययोजना बनाउनु आवश्यक छ । नेपाली जनताको जीविकाकासाथै राष्ट्रिय अर्थतन्त्रको आधार खाद्य तथा कृषि प्रणालीमा सामूहिक अवसरहरूको खोजी, योजना-निर्माण तथा क्रियाकलाप, प्रस्तावनाहरू विकास गरेर दिगो खेतीपातीलाई पुनर्स्थापना गर्ने ऐतिहासिक जिम्मेबारी बहन गर्ने दायित्व आजको पुस्ताको काँधमा आएको छ । यो त्यतिबेला मात्र सम्भव छ, जतिबेला जैविक प्रादेशिकताका आधारमा राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका योजना बनाउन थालिनेछ ।

सहकारितामा आधारित उत्पादनमुखी जीवन पद्धतिले मात्र हाम्रो जस्तो कृषितन्त्र तथा साना स्तरको खेतीपातीमा आधारित जिविकोपार्जनलाई दिगो बनाउन मद्दत पुग्छ । राज्यको कृषिसम्बन्धी नीति किसानहरूलाई व्यावसायिक र आत्मनिर्भर बनाउँदै स्थानीय अर्थतन्त्रलाई बलियो बनाउनेतर्फ उन्मुख हुन आवश्यक छ ।

नेपालमा खाद्य तथा कृषि क्षेत्रमा परिणाममुखी परिवर्तन ल्याउन किसानको साथै समाजमा रहेका गरिब, महिला, युवा तथा सीमान्तीकृत समुदायलाई संगठित गरी तिनलाई परिचालन गर्न आवश्यक छ । यसनिम्ति सबै राजनीतिक पार्टी र नागरिक समाजले जिम्मेबारी बोध गर्ने बेला आएको छ ।

नयाँ नेपालका नीति-निर्माताहरूले विगतका सकारात्मक प्रयासबाट सिक्दै रासायनिक खेतीपाती संरचनाभन्दा माथि उठेर नेपालको कृषि पद्धतिको भविष्यवारे सोच्नु आवश्यक छ । संस्थागत संरचना, प्रविधि, बजार तथा सीमित कृषियोग्य जमीनमा दिगोरूपमा धेरै खाद्य उत्पादन गर्न किसानहरूलाई नयाँ विचार दिन सक्नुपर्छ । समय सुहाउँदो कृषि नीति, अनुसन्धान र प्रसारका व्यावहारिक योजनाहरू प्रस्तुत गर्न सक्नुपर्छ ।

———........